आ.व. २०७५/०७६ को आठौं बैठक

आज मिति **२०७५ साल मंशीर १२ गते वुधवार विहान ७:०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१. श्री टिका बहादुर विश्वकर्मा लेखापाल

२. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

## प्रस्तावहरु :

१. कृषि तथा पशु सेवा केन्द्र स्थापना सम्वन्धमा ।

२. कृषि प्रसार अधिकृत, पशु सेवा प्राविधिक र सहायक कम्प्युटर अपरेटरको तलव भुक्तानी सम्वन्धमा ।

३. अति आवश्यकीय क्षेत्रमा बजेट खर्च गर्ने सम्वन्धमा ।

४. परीक्षा रञ्चालन समितिको अनुमोदन सम्वन्धमा ।

५. करार शिक्षक नियुक्ति प्रकृयामा संक्षिप्त प्रकृया अपनाई विज्ञापन गर्ने सम्वन्धमा ।

६. कृषि व्यवसायका लागि जग्गा लिजमा लिने सम्वन्धमा ।

७. कृषि तथा पशु प्रयोगशाला स्थापनाका लागि रकम रकमान्तर गर्ने सम्वन्धमा ।

८. कृषिका तालिम कार्यक्रम बाँकी वडामा सञ्चालन गर्ने सम्वन्धमा ।

९. वडा नं.९ मा दैनिक ज्यालादारीमा प्राविधिक खटाउने सम्वन्धमा ।

१०. JCB ड्राईभरलाई सेवा करारमा लिने सम्वन्धमा ।

११. नक्सापास सम्वन्धमा ।

१२. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि,२०७५ स्वीकृति गर्ने सम्वन्धमा ।

१३. तराई मधेश सम्वृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाइमा पठाईएका योजनाहरु स्वीकृत गर्ने सम्वन्धमा ।

१४. एकिकृत घुम्ती शिविर कुन ठाउँमा कहिले सञ्चालन गर्ने भन्ने जिल्ला प्रशासन कार्यालय दाङको सुझाव माग सम्वन्धमा ।

१५. राप्ती चक्रपथको लागत अनुमान तयारी सम्वन्धमा ।

१६. ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्वन्धी कार्यविधि,२०७५ स्वीकृति सम्वन्धमा ।

१७. विज्ञापन कर संकलनका लागि अभिलेख तयारी सम्वन्धमा ।

१८. बोयर जातको बाखाको ब्याडको माग सम्वन्धमा ।

१९. आन्तरिक आयबाट गाडी खरिद गर्ने सम्वन्धमा ।

२०. प्रदेशमा पठाउने सम्पुरक कोषको योजना छनौट सम्वन्धमा ।

२१. JCB को भाडादर परिवर्तन गर्ने सम्वन्धमा ।

२२. शिक्षकहरुको दरवन्दी स्वीकृत सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा राप्ती गाउँपालिका बेमौसमी तरकारी खेती र पशुपन्छी पालनको पकेट क्षेत्र भएकाले यस गाउँपालिका अन्तर्गत कृषि तथा पशु सेवा केन्द्रहरु १-१ (एक-एक) वटा स्थापना गर्न अति आवश्य भएका कारणले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कर्मचारी दरवन्दी अपुग हुने भएकाले कृषि प्रसार अधिकृत-१, पशु विकास अधिकृत-१, र पशु स्वास्थ्य प्राविधि-१ को दरवन्दी थप गरी दिनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकामा कार्यरत कृषि तथा पशुपन्छी विकास मन्त्रालयको स्वीकृत कर्मचारी दरन्दी भन्दा बाहेकका कृषि प्रसार अधिकृत-१ र पशु सेवा प्राविधिक-१ तथा राप्ती गाउँपालिकाको स्वीकृत कर्मचारी दरवन्दी भन्दा बाहेक गाउँपालिकामा कार्यरत सहायक कम्प्युटर अपरेटरको तलव भत्ता भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको अति आवश्यकीय देहायका क्षेत्रमा देहाय वमोजिम बजेट विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

क) PIS, बेरुजु र जिन्सी सफ्टवेरका लागि मानव संशाधन विकास कोषबाट रु.५,००,०००।- खर्च गर्ने ।

ख) ल्याण्डफिल साईटको जग्गा उपलव्ध गराउने वडालाई यसै आ.व.०७५/०७६ देखि रु.२५,००,०००।- थप बजेट विनियोजन गर्ने र प्रति वर्ष १०% बजेट थप गर्दै जाने गरी ल्याण्डफिल साईटको छनौट गर्ने साथै सो को DPR का लागि वातावरण विकास कोषबाट रु. १०,००,०००।- खर्च गर्ने ।

ग) कृषि तथा पशुपन्छी विकास गुरुयोजनाका लागि आन्तरिक कोषबाट रु.१० लाख खर्च गर्ने ।

घ) कार्यपालिका सदस्यहरुको आधारभुत कम्प्युटर तालिमका लागि मानव संशाधन विकास कोषबाट रु. १ लाख खर्च गर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको गाउँपालिका स्तरीय आधारभुत तथा माध्यामिक परीक्षा सञ्चालनको लागि गठन गरिएका परीक्षा सञ्चालन समितिहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको आधाभुत शिक्षा सञ्चालन कार्यविधि,२०७४ वमोजिमको प्रकृया अपनाई करारमा शिक्षकहरु छनौटको लागि विज्ञापन गर्दा लामो समय सम्म विद्यालयहरुमा अध्यापन कार्य प्रभावित हुने देखिएकाले संक्षिप्त प्रकृया अपनाई ७ दिने सार्वजनिक सूचना प्रकाशन गरी करारमा शिक्षकहरु छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका अन्तर्गतका प्रत्येक वडामा १ स्थानमा न्यनतम ५ बिगाहा जग्गामा करार खेती तथा व्यवसाय सञ्चालनका लागि लिजमा लिन सक्ने जग्गाको लागि सम्वन्धित वडाबाट खोजी गरी सो को विवरण ७ दिन भित्र गाउँपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा राप्ती गाउँपालिका कृषि तथा पशुपन्छी पालनको अत्यन्त राम्रो संभावना भएको कृषि तथा पशुपन्छीको पकेट क्षेत्र भएको र बेलाबेलामा कृषि बाली तथा पशुपन्छीहरुमा देखापर्ने रोगको पहिचान हुन नसकि कृषकहरुको ठुलो लगानी रहेको व्यवसायमा रोगहरुको कारणबाट घाटा समेत व्यहोर्नु पर्ने अवस्था देखिएकाले कृषकहरुको लगानीको संरक्षण गर्न गाउँपालिकाबाट पहल गर्नुपर्ने आवश्यता महशुस गरिएकाले यस राप्ती गाउँपालिका अन्तर्गत कृषि तथा पशुपन्छि प्रयोगशाला स्थापनाका लागि आवश्य पर्ने रु.१० लाख ५९ हजार बजेट आ.व. ०७५/०७६ मा स्वीकृत भएका देहायका कार्यक्रमहरुबाट रकमान्तर गर्ने निर्णय गरियो ।

***देहायका कार्यक्रमबाट निम्नानुसार बजेट कृषि तथा पशुपन्छी प्रयोगशालाका लागि रकमान्तर गर्ने :***

क) पत्रपत्रीका पशु सेवा पम्प्लेटबाट रु. ५० हजार ।

ख) पशु सेवा कार्यक्रमबाट रु. ५ लाख ८५ हजार ।

ग) न्युहेम्पसार चल्ला वितरणबाट रु. ६४ हजार ।

घ) प्लाष्टिक टनेल वितरण कार्यक्रमबाट रु. ३ लाख ६० हजार ।

**जम्मा रु. १० लाख ५९ हजार ।**

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा राप्ती गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस राप्ती गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाहरु मध्ये वडा नं. २, ३, ५, ६ र ७ मा कृषि सम्वन्धी तालिम सञ्चालन गरि सकिएको छ उक्त तालिमको लागि प्रत्येक वडालाई रु.४०,०००।- का दरले बजेट विनियोजन गरिएकोमा अब तालिम सञ्चालन गर्न बाँकी वडाहरु १, ४, ८ र ९ मा उक्त तालिमको सन्दर्भमा केहि गुनासाहरु प्राप्त हुन आएकोले तालिमलाई स्वीकृत भए वमोजिम निरन्तरता दिने वा उक्त वजेटबाट अन्य कार्यक्रम गर्ने सो बारेमा वडा समितिबाट तत्काल निर्णय गराई यथाशिघ्र गाउँपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथी छलफल गर्दा राप्ती गाउँपालिकाका सबै वडाहरुमा खुल्ला प्रतिस्पर्धाका आधारमा प्राविधिकहरु करारमा भर्ना गरी खटाउने कार्यको लागि राप्ती गाउँपालिकाद्वारा छनौट गरिएका सफल तथा बैकल्पिक सूचिका सबै उम्मेदवारहरु करार सम्झौता गर्न नआएको र ९ नं.वडाका प्राविधिकलाई हाल ३ नं. वडामा कामकाज गर्ने गरी स्थानान्तरण गरिएकाले हाल ९ नं. वडामा प्राविधिक कामकाज गर्ने कोही नभएको हुँदा राप्ती गाउँपालिका वडा नं.-४ बस्ने मान बहादुर जि.सी.ले पहिले पनि गाउँपालिकामा रहि असिष्टेन्ट सब ईन्जिनियर सम्वन्धी सेवा उपलब्ध गराई सकेकाले निजलाई साविककै सेवा सुविधा उपलब्ध गराउने गरी तत्काल दैनिक ज्यालादारीमा ९ नं.वडामा प्राविधिक कामकाज गर्ने गरी खटाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथी छलफल गर्दा यस राप्ती गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने विकास निर्माण कार्यमा सहयोग पुऱ्याउने तथा गाउँपालिकाबाट खर्च गरिने बजेटको केहि अंश गाउँपालिकामै फिर्ता ल्याउने उद्देश्यले गाउँपालिकाबाट JCB खरिद गरिएकोमा पहिले करारमा कार्यरत JCB ड्राईभरले करार सम्झौता भंग गरेकाले पुनः पहिलेकै सेवा सुविधा उपलब्ध गराउने गरी ट्रायल लिई उपयुक्त व्यक्तिलाई करारमा लिन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथी छलफल गर्दा भवन निर्माण मापदण्ड विपरित नक्सा पास नै नगरी राप्ती गाउँपालिका क्षेत्रभित्र धमाधम घरहरु निर्माण सम्वन्धी कार्य भैरहेकाले सो विषयमा गाउँपालिकाको गम्भीर ध्यानकर्षण भएको छ। घर निर्माण कार्यमा संलग्न निर्माण व्यवसायीहरु सँग छलफल गरी सो कार्यमाथि तत्काल रोक लगाउ जरुरी भएकाले यस गाउँपालिका अन्तर्गत रहेका सम्पूण वडाहरुलाई आफ्नो वडाको क्षेत्रभित्र रहेका घर निर्माणमा संलग्न निर्माण व्यवासायीहरुको विवरण तत्काल संकलन गरी गाउँपालिकामा पठाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथी छलफल गर्दा महिला तथा बालबालिका कार्यालयबाट वितरण हुँदै आईरहेको अपाङ्गता परिचय-पत्र वितरण सम्वन्धी कार्य उक्त कार्यालयको खारेजी सँगै अवरुद्ध भएको हुँदा उक्त परिचय-पत्र वितरणको कार्यलाई निरन्तरता दिनको लागि ***"राप्ती गाउँपालिका अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्वन्धी कार्यविधि,२०७५"*** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथी छलफल गर्दा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय तराई मधेश सम्वृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाइ नयाँ बानेश्वर काठमाण्डौमा पठाईएका देहायका योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**योजनाहरुको विवरणः**

| क्र.सं. | योजनाको नाम | आवश्यक बजेट | कैफियत |
|---|---|---|---|
| १ | भालुवाङभानपुर सडक स्तरोन्नती- | ३ करोड । | वडा नं 1,2,3,4.र ७ |
| २ | राप्ती गा 3-.पा.मसुरीयामा अस्पताल भवन निर्माण | २ करोड । | वडा नं3-. |
| ३ | महदेवा पुल देखिकरङ्गे सडक कालोपत्रे- | ५ करोड । | वडा नं7-5 . |
| ४ | मौरीघाटदेवीकोट सडक स्तरोन्नती- | २ करोड । | वडा नं9-4 . |
| ५ | आपखोली सडक कालोपत्रे | १ करोड । | वडा नं1-. |
| ६ | जनहित युवा क्लव भवन निर्माण मौरीघाट | ३० लाख । | वडा नं4-. |
| ७ | पिपराकोहलुवा दोलै खोलामा पुल- | ४ करोड । | वडा नं8-. |
| ८ | मझेरीयालठ्ठहवा जोडने दोलै खोलामा पुल- | ४ करोड । | वडा नं 5-.र ६ |
| ९ | राप्ती चक्रपथ कालो पत्रे | ३ करोड । | वडा नं 1-.देखि ९ सम्म |
| १० | पिपरी खोलामा पक्की पुल | ३० लाख । | वडा नं8-. |
| ११ | छोटकी सिसहनिया थारु सामुदायिक भवन निर्माण | ५० लाख । | वडा नं7-. |
| १२ | थारु सांस्कृतिक भवन निर्माण | ५० लाख । | वडा नं6-. |

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथी छलफल गर्दा जिल्ला प्रशासन कार्यालय दाङको च.नं.१८७० मिति २०७५/०८/१० को पत्रबाट नागरिकहरुको घरदैलोमा गई सार्वजनिक सेवा प्रवाह गर्न यस गाउँपालिकाको कुन ठाउँमा र कहिले एकिकृत घुम्ती शिविर सञ्चालन गर्दा उपयुक्त हुन्छ भनी राय माग भएको सन्दर्भमा यस राप्ती गाउँपालिकाको गाउँपालिका परिसर भित्र र ५ नं.वडा कार्यालयमा मिति २०७५ साल मंशीर २० देखि २५ गते भित्र सञ्चालन गर्दा उपयुक्त हुने देखिएकाले सोही बमोजिमको राय लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथी छलफल गर्दा राप्ती गाउँपालिकाको राप्ती चक्रपथ निर्माण कार्यको प्रारम्भ गर्न महेन्द्र राजमार्गको उत्तर तर्फ भालुवाङ- सिंगे खण्डको ट्र्याक खोल्ने र महेन्द्र राजमार्गको दक्षिण तर्फ भालुवाङ- बसन्तापुर खण्ड कालोपत्रेको कार्य आरम्भ गर्नका लागि लागत अनुमान तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथी छलफल गर्दा राप्ती गाउँपालिकामा बसोबास गर्ने ६० वर्ष पुगेका ज्येष्ठ नागरिकहरुलाई औषधी उपचार तथा यातायातमा सहुलियतका लागि परिचय-पत्र वितरण सम्वन्धी कार्य आरम्भ गर्न ***"राप्ती गाउँपालिका ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्वन्धी कार्यविधि,२०७५"*** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथी छलफल गर्दा राप्ती गाउँपालिकाको बजार तथा राजमार्ग क्षेत्रमा व्यवसाय कर नतिरी विज्ञापनका लागि झुण्डाईएका होर्डिङ बोर्डहरुका कम्पनी तथा व्यवसायीहरुलाई करको दायरामा ल्याई कर अशुल गर्ने कार्यलाई तिब्रता दिन गाउँपालिकाबाट विवरण संकलन कार्यमा खटाउन लागिएका कर्मचारीहरुलाई सो कार्यमा सम्वन्धित वडाबाट आवश्यक सहयोगका लागि व्यवस्था मिलाई दिने निर्णय गरियो ।

**निर्णय नं. १८**

प्रस्ताव नं. १८ माथी छलफल गर्दा राप्ती गाउँपालिका वडा नं.-४ मा रहेको जुनतारा एकिकृत पशुपन्छी पालक कृषक समूहका अध्यक्ष श्री बालाराम कुमालबाट बोयर जातको बाख्राको ब्याड माग गरिएको र राप्ती गाउँपालिका क्षेत्र पशु पालनको पकेट क्षेत्रपनि भएको साथै यसक्षेत्रमा मासुका लागि उन्नत जात मानिएको उक्त जातको बाख्राको १ (एक) गोटा ब्याड गाउँपालिकाको ५०% अनुदानमा चालु आ.व.०७५/०७६ मा स्वीकृत कार्यक्रमबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रस्ताव नं. १९ माथी छलफल गर्दा राप्ती गाउँपालिकाको १ मात्र सरकारी गाडी रहेको र उक्त गाडी गाउँपालिका अध्यक्षले विभिन्न कार्यक्रममा जाँदा प्रयोग हुने हुँदा योजनाहरु अनुगमन लगायतका विभिन्न सरकारी काममा भाडाको गाडी प्रयोग गर्नुपर्ने तथा भाडाका गाडी पनि भनेको समयमा नपाईने र चर्को भाडा माग गर्ने कारण सरकारी कामहरु प्रभावित हुने अवस्था विद्यमान रहेको सन्दर्भमा गाउँपालिकाको गत आ.व.०७४/०७५ को बचत आन्तरिक कोषको बचत रकमबाट १ (एक) गोटा गाडी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

प्रस्ताव नं. २० माथी छलफल गर्दा राप्ती गाउँपालिकाको सम्पुरक कोषबाट ५०% रकम बेहोर्ने गरी ***राप्ती चक्रपथको मझेरीया-बसन्तापुर खण्ड कालोपत्रे*** योजनामा रु १ करोड रकम विनियोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय ५ नं. प्रदेश बुटवलमा योजना स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

गरी अब उप्रान्त ईन्धन वाहेक प्रति घण्टा रु. १,८००/- (एक हजार आठ सय रुपैयाँ) का दरले गाउँपालिकाले लिने हिडेपछि समयको गणना गर्ने गरी आगामी बस्ने गाउँ सभाबाट अनुमोदन गराउने गरी भाडादर कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

प्रस्ताव नं. २२ माथी छलफल गर्दा राप्ती गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा रहेका शिक्षकहरुको देहाय अनुसारको दरवन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

**राप्ती गाउँपालिका शिक्षक दरवन्दी विवरण**

| क्र.सं. | विद्यालयकको नाम | १-५ | अनुदानकोटा सहितदरवन्दी | निजि | जम्मा | आवश्यक | थप्नु पर्ने | काट्नुपर्ने | ६-८ | अनुदानकोटा सहितदरवन्दी | निजि | जम्मा | आवश्यक | थप्नु पर्ने | काट्नुपर्ने | आधारभुत जम्मा दरवन्दी | आवश्यक | थप्नुपर्ने | काट्नुपर्ने | ९-१२ | दरवन्दी | आवश्यक | मा.वि थप्नुपर्ने | मा.वि काट्नुपर्ने | कुल काट्नुपर्ने | कुल थप्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | श्री आदर्श नमुना मा.वि., लालमटिया | **226** | 11 | 1 | 12 | 5 | 0 | 7 | **293** | 6 | 0 | 6 | 6 | 0 | 0 | 18 | 11 | **0** | **6** | 592 | 9 | 12 | 3 | 0 | 2 | 0 | प्रा.वि २ |
| 2 | श्री मा.वि.मौरिघाट | **167** | 10 | 0 | 10 | 5 | 0 | 5 | **299** | 5 | 1 | 6 | 6 | 0 | 0 | 16 | 11 | **0** | **5** | 589 | 7 | 12 | 5 | 0 | 0 | 0 | |
| 3 | श्री सर्वोदय मा.वि. सिसहनिया | **131** | 8 | 0 | 8 | 5 | 0 | 3 | **206** | 5 | 2 | 7 | 5 | 0 | 2 | 15 | 10 | **0** | **5** | 666 | 14 | 14 | 0 | 0 | 5 | 0 | प्रा.वि ३, नि.मा.२ |
| 4 | श्री शंकर मा.वि.पिपरी | **200** | 10 | 0 | 10 | 5 | 0 | 5 | **196** | 1 | 3 | 4 | 4 | 0 | 0 | 14 | 9 | **0** | **5** | 141 | 1 | 5 | 4 | 0 | 1 | 0 | प्रा.वि १ |
| 5 | श्री राष्ट्रिय मा.वि.भालुवाङ | **156** | 5 | 1 | 6 | 5 | 0 | 1 | **201** | 2 | 1 | 3 | 4 | 1 | 0 | 9 | 9 | **0** | **0** | 125 | 1 | 5 | 4 | 0 | 0 | 4 | मा.वि.४ |
| 6 | ज्ञानोदय मा.वि.पत्थरगढवा | **202** | 8 | 2 | 10 | 5 | 0 | 5 | **258** | 1 | 5 | 6 | 6 | 0 | | 16 | 11 | **0** | **5** | 203 | 1 | 5 | 4 | 0 | 1 | 0 | प्रा.वि १ |
| 7 | जनज्योती नि.मा.वि.नयागाउ सुगुरे | **145** | 4 | 0 | 4 | 5 | 1 | 0 | **80** | 0 | 3 | 3 | 4 | 1 | | 7 | 9 | **2** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | प्रा.वि १, नि.मा.१ |
| 8 | श्री नवज्योती नि.मा.वि.श्रीचौर | **122** | 3 | 2 | 5 | 4 | 0 | 1 | **101** | 1 | 0 | 1 | 4 | 3 | | 6 | 8 | **2** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | नि.मा.२ |
| 9 | नि.मा.वि.रुपाकोट | **147** | 4 | 0 | 4 | 5 | 1 | 0 | **58** | 0 | 0 | 0 | 4 | 4 | | 4 | 9 | **5** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 5 | प्रा.वि १, नि.मा.४ |
| 10 | वि.पि.आ.वि.वसन्तापुर | **107** | 3 | 0 | 3 | 4 | 1 | 0 | **63** | 0 | 2 | 2 | 4 | 2 | | 5 | 8 | **3** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 3 | प्रा.वि १, नि.मा.२ |
| 0 | जनता आधारभुत करङ्गेकोट | **199** | 2 | 3 | 5 | 5 | 0 | 0 | **85** | 0 | 1 | 1 | 4 | 3 | | 6 | 9 | **3** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 3 | ,नि.मा.३ |
| 12 | नवप्रतिभा आ.वि.पाखापानी | **214** | 5 | 1 | 6 | 5 | 0 | 1 | **100** | 1 | 1 | 2 | 4 | 2 | | 8 | 9 | **1** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | ,नि.मा.१ |
| 13 | सरस्वती आ.वि.छोट्की सिसहनिया | **78** | 4 | 2 | 6 | 4 | 0 | 2 | **97** | 0 | 2 | 2 | 4 | 2 | | 8 | 8 | **0** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 14 | बालकल्याण आ.वि.पहड्वा | **100** | 4 | 1 | 5 | 4 | 0 | 1 | **123** | 1 | 3 | 4 | 4 | 0 | 0 | 9 | 8 | **0** | **1** | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | प्रा.वि १ |
| 15 | दुर्गाभवानी आ.वि.मसुरिया | **113** | 3 | 1 | 4 | 4 | 0 | 0 | **15** | 0 | | 0 | 3 | 3 | 0 | 4 | 7 | **3** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 3 | नि.मा.३ |
| 16 | वराह प्रा.वि.वगासोती | **13** | 1 | | 1 | 2 | 1 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 1 | 2 | **1** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | प्रा.वि |
| 17 | जनता प्रा.वि.खुरुरिया | **40** | 1 | 1 | 2 | 3 | 1 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 2 | 3 | **1** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | प्रा.वि |
| 18 | भद्रासी देवि प्रा.वि.धापखोला | **92** | 2 | 1 | 3 | 4 | 1 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 3 | 4 | **1** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | प्रा.वि |
| 19 | रात्री प्रा.वि.मौरिघाट | **45** | 5 | | 5 | 3 | 0 | 2 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 5 | 3 | **0** | **2** | 0 | 0 | 0 | 0 | 0 | 2 | 0 | प्रा.वि |
| 20 | सगरमाथा प्रा.वि.भुल्के | **36** | 2 | | 2 | 3 | 1 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 2 | 3 | **1** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | प्रा.वि |
| 21 | प्रा.वि.थकरीकोट | **56** | 3 | | 3 | 3 | 0 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 3 | 3 | **0** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 22 | जनकल्याण प्रा.वि.कालापानी | **79** | 2 | 1 | 3 | 3 | 0 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 3 | 3 | **0** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 23 | नुतन बाल उद्यान प्रा.वि.सिङगे | **41** | 1 | 0 | 1 | 3 | 2 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 1 | 3 | **2** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | प्रा.वि |
| 24 | हंशेश्वर प्रा.वि.भगवानपुर | **70** | 3 | 1 | 4 | 3 | 0 | 1 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 4 | 3 | **0** | **1** | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | प्रा.वि |
| 25 | राप्ती गंगा प्रा.वि.चैते शान्तिनगर | **87** | 2 | 0 | 2 | 4 | 2 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 2 | 4 | **2** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | प्रा.वि |
| 26 | स्वर्गद्धारी प्रा.वि.पुल्चोक, भालुवाङ | **65** | 2 | 0 | 2 | 3 | 1 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 2 | 3 | **1** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | प्रा.वि |
| 27 | देवि प्रा.वि.मसेरीडाडा | **138** | 3 | 0 | 3 | 5 | 2 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 3 | 5 | **2** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | प्रा.वि |
| 28 | सपाँदी प्रा.वि.स्यानीघोस | **16** | 0 | 0 | 0 | 1 | 1 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 0 | 1 | **1** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | प्रा.वि |
| 29 | बाल प्रगती प्रा.वि. तल्लोघोसखोला | **42** | 1 | 0 | 1 | 2 | 1 | 0 | **0** | 0 | | 0 | 0 | 0 | 0 | 1 | 2 | **1** | **0** | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | प्रा.वि |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | 13 | 36 | |